# कोल्हुवाक्षेत्रका लोकगीतको अध्ययन

**त्रिभुवन विश्वविद्यालय**
मानविकी तथा सामाजिक शास्त्र संङ्काय
बीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग अन्तर्गत
स्नातकोतर तह - (एम.ए), द्धितिय वर्षको
दशौ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## अध्ययनपत्र

**अध्ययनकर्ता**
**गीता काफ्ले**
शैक्षिक सत्र - २०७२/७४
परीक्षा रोल न. - ८५६०००२
त्रि. वि. रजिष्ट्रेसन न. ६-१-८८८-२३८४-८८

२०७८/सन् २०२२

# प्रतिबद्धता

यस अध्ययनपत्रका सामग्री कही कतैबाट साभार गरिएका होइनन् । यसको कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । तसर्थ यो नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

---------------------
गीता काफ्ले
अध्ययनार्थी

मिति : २०७८/१०/२८
सन् २०२२ फेब्रुवरी ११

त्रिभुवन विश्व विद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन

नेपाली विभाग

स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका प्राइभेट समुहको विद्यार्थी गीता काफ्लेले नेपाली एम. ए. दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत गरेको **कोल्हुवाक्षेत्रका लोकगीतको अध्ययन** शीर्षकको यो अध्ययनपत्र स्वीकृति गरिएको छ ।

श्री भवनाथ सडौला

सहप्रध्यापक, शोधनिर्देशक तथा

विभागीय प्रमुख हस्ताक्षर

दामोदर रिजाल

सहप्रध्यापक तथा

बाह्य परीक्षक हस्ताक्षर

मिति : २०१८/१०/२८

सन् २०२२ फेब्रुवरी ११

## शोध निर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी गीता काफ्लेले नवलपुर कोल्हुवा क्षेत्रका लोग गीतको अध्ययन शिर्षकको अध्ययनपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको यो अध्ययनपत्रबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

२०७८/१०/२८<br>
सन् २०२२ फेब्रुवरी ११

सहप्रध्यापक भवनाथ सडौला<br>
वीरेन्द्र बहुमुखी क्याम्पस<br>
नेपाली विभाग

# कृतज्ञताज्ञापन

**नवलपुर कोल्हुवाक्षेत्रका लोकगीतकोअध्ययन,** शीर्षकको यो अध्ययनपत्र मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र वहुमुखी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह (एम ए) दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनार्थ तयार पारेकी हुँ । यस अध्ययन कार्यको पूर्णताको लागि मलाई आवश्यक सल्लाह, सुझाव र निर्देशन दिदै शैक्षिक सामाग्री समेत उपलब्ध गरी पटक पटक निरिक्षण गरी मेरा त्रुटि औंल्याइदिने जस्ता महत्वपूर्ण कार्य गर्दै यस अध्ययन पत्रको लागि अन्तिम अवस्था सम्म आइपुग्दा मेरो हरेक प्रश्नहरूको समाधान गरी मलाई आवश्यक सामाग्रीहरू उपलब्ध गराउनुको साथै फोन मार्फत पनि आवश्यक सुझावहरू दिदै मेरो अध्ययन पत्रलाई पूर्णता दिनुहुने मेरो आदरणिय गुरू विभागीय प्रमुख भवनाथ सडौला प्रति कृतज्ञता अर्पण गर्दै नमन गर्दछु साथै नेपाली विभागका सम्पूर्ण गुरूहरूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

अध्ययनपत्र लेखनदेखि नै चासो देखाई हौसला दिने र अध्ययनपत्र सम्पन्न गर्न समेत मलाई बारम्बार घचघच्याउने मेरो घरपरीवार, पुस्तक उपलब्ध गराउने पुस्तकालय लाई म धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा म यस अध्ययनपत्रको समुचित मूल्याङकनको लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, वीरेन्द्र वहुमुखी क्याम्पस भरतपुर चितवनको नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

----------------------

गीता काफ्ले

मिति २०७८/१०/२८
सन् २०२२ फ्रेबुअरी ११

## विषयसूची

### पहिलो परिच्छेद
### अध्ययनपत्रको परिचय


| | | |
|---|---|---|
| १.१ | विषयपरिचय | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | अध्ययन कार्यको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.५ | अध्ययन कार्यको महत्त्व | ४ |
| १.६ | अध्ययनको सीमाङ्कन | ५ |
| १.७ | अध्ययन विधि | ५ |
| १.८ | अध्ययन पत्रको रुपरेखा | ५ |


### दोस्रो परिच्छेद
### नवलपुर कोल्हुवाक्षेत्रको सङ्क्षिप्त परिचय


| | | |
|---|---|---|
| २.१ | नवलपरासी जिल्लाको परिचय | ६ |
| २.२ | भौगोलिक परिचय | ६ |
| २.३ | राजनीतिक/प्रशासनिक विभाजन | ६ |
| २.४ | नदीनाला तथा खानेपानी | ७ |
| २.५ | प्रमुख स्थलहरु | ७ |
| २.६ | शैक्षिक स्थिति | ८ |
| २.७ | सामाजिक जनजीवन | ८ |
| २.८ | साहित्यिक गतिविधि | ८ |
| २.९ | कोल्हुवाक्षेत्रको परिचय | ९ |
| २.१० | निष्कर्ष | १० |


### तेस्रो परिच्छेद
### नवलपुर कोल्हुवाक्षेत्रका लोकगीतको सङ्कलन


| | | |
|---|---|---|
| ३.१ | कोल्हुवाक्षेत्रका लोकगीतको सङ्कलन | १० |
| ३.२ | महल/मागल | १० |
| ३.३ | रत्यौली | ११ |
| ३.४ | जेठे गीत | १२ |
| ३.५ | असारे गीत | १२ |
| ३.६ | दाइँ गीत (मंसिरे गीत) | १३ |
| ३.७ | तीजगीत | १४ |
| ३.८ | मालसिरी गीत | १५ |
| ३.९ | भैलोगीत | १६ |
| ३.१० | देउसी गीत | १७ |

| | | |
|---|---|---|
| ३.११ | भजन | १८ |
| ३.१२ | कीर्तन | २० |
| ३.१३ | सिलोक | २० |
| ३.१४ | सवाई गीत | २२ |
| ३.१५ | झ्याउरे गीत | २४ |
| ३.१६ | ठाडोभाका | २५ |
| ३.१७ | बालगीत | २६ |
| ३.१८ | निष्कर्ष | २७ |


**चौथो परिच्छेद**

**नवलपुर कोल्हुवाक्षेत्रका लोकगीतको वर्गीकरण र विश्लेषण**

| | | |
|---|---|---|
| ४.१ | लोकगीतको विश्लेषण | २८ |
| ४.२ | कोल्हुवाक्षेत्रका लोकगीतको विश्लेषण | २८ |
| | ४.२.१.१ सामाजिक जीवनको चित्रण | २९ |
| | ४.२.१.१ सामाजिक एवम् पारिवारिक जीवनको चित्रण | २९ |
| | ४.२.१.२ आर्थिक जीवनको चित्रण | ३० |
| | ४.२.१.३ सांस्कृतिक जीवनको चित्रण | ३१ |
| | ४.२.१.४ प्राकृतिक जीवनको चित्रण | ३२ |
| ४.३ | निष्कर्ष | ३३ |


**पाँचौँ परिच्छेद**

**सारांश तथा निष्कर्ष**

| | | |
|---|---|---|
| ५.१ | सारांश | ३४ |
| ५.२ | निष्कर्ष | ३६ |

| | |
|---|---|
| **परिशिष्ट 'क' : गायक/गायिकाहरुको परिचय** | **३७** |
| **नक्सा 'ख' : नवलपरासी जिल्लाको नक्सा** | **३९** |
| **सन्दर्भ सामग्रीसूची** | **३९** |

## पहिलो परिच्छेद
## अध्ययनपत्रको परिचय

### १.१ विषयपरिचय

लोकगीत मानवसभ्यताको विकाससँगसँगै प्रारम्भ भएको मानिन्छ । लोकसाहित्यका विभिन्न विधाहरु लोकगीत, लोककथा, लोकनाटक आदि समस्यामा प्रचलित छन् । लोकगीतलाई सर्वप्राचीन र सर्वप्रिय विधा मानिन्छ । ग्रामीण लोकजीवनका विविध पक्षहरु सामाजिक, सांस्कृतिक, चालचलन, सुखदुःख, हर्षपीडा, आशा, निराशा, उत्साह, उमङ्ग, प्रेम प्रसङ्ग आदिका अभिव्यक्तिको सशक्त माध्यम लोकगीत हो । कुनै पनि समाजको विगतको इतिहास, त्यहाँको आर्थिक, सामाजिक, शैक्षिक अवस्था चेतनाको स्तर र अन्य विविध पक्षहरुका बारेमा जिज्ञासा मेट्न सम्बन्धित समाजमा प्रचलित लोकगीतको अध्ययन गर्नु आवश्यक हुन्छ किनभने लोकगीत लोकको इतिहास हो र वर्तमान भविष्यको सूचक पनि हो ।

नवलपरासी जिल्लाको कोल्हुवाक्षेत्र प्राकृतिक, सामाजिक, सांस्कृतिक, भाषिक विविधताले परिपूर्ण क्षेत्र हो । यहाँ विविध जातजातिका मानिसहरु बसोबास गर्दछन् र उनीहरुका आ-आफ्नै सामाजिक, सांस्कृतिक परम्पराहरु छन् । यहाँ व्रतबन्ध, विवाह र मृत्युजस्ता संस्कारकर्म र तीज, दशैं, तिहार आदि महत्त्वपूर्ण चाडपर्व मनाइन्छन् । यी चाडहरु र संस्कारकर्म मनाउँदा ती संस्कारहरुसँग सम्बन्धित गीतहरु गाएर मनोरञ्जन गर्ने परम्परा रहेको छ । यहाँ भजन, वालन, सिलोक, संगिनीजस्ता गीतहरु अत्यन्त लोकप्रिय रहेका छन् । यहाँ  विवाहसंस्कारमा रत्यौली, तीजमा तीज गीत, तिहारमा देउसी भैलोगीत गाइन्छ । असारे दाईजस्ता कर्म गीतहरु पनि गाइन्छ। यस्ता गीतहरुमा स्थानीय लोकजीवनका विशुद्ध अभिव्यक्ति प्रकट भएका हुन्छन् ।

हाल आएर आधुनिक सञ्चारमाध्यमका साथसाथै नेपालमा भित्रिएका हिन्दी, अङ्ग्रेजी गीतका प्रभावले गर्दा स्थानीय मूल्य, मान्यता र परम्परालाई प्रतिबिम्बित गर्ने लोकगीतहरु ओझेलमा पर्न थालेका छन् । यही समस्या नवलपरासी जिल्लाको कोल्हुवाक्षेत्रमा पनि रहेको छ । यस्तो स्थितिमा यहाँका लोकगीतहरुको अध्ययन संरक्षण र संवर्द्धन गर्नु अत्यावश्यक भएकोले यो अध्ययनकार्य गर्न लागिएको हो ।

### १.२ समस्याकथन

नेपाली साहित्यविधामा लोकगीत एक प्रमुख विधाका रुपमा परिचित छ । नेपाली लोकगीतहरुको अध्ययन पनि धेरै भएको पाइन्छ तर नेपालको भित्री मधेशको जिल्ला

नवलपरासीको कोल्हुवाक्षेत्र र त्यसको आसपासमा प्रचलित नेपाली लोकगीतहरुको अध्ययन यदाकदा मात्र भएको भए तापनि तिनको गहन अध्ययन एवम् विश्लेषण पाइँदैन त्यसले यिनै आवश्यकताको परिपूर्ति गर्ने महसुस गरी नेपाली भाषाका पाठक तथा नेपाली भाषाको विकास गर्न चाहने व्यक्तिको खाँचोलाई समेत आंशिक मात्रामा भए पनि सहयोग पुऱ्याउने उद्देश्यअनुरुप निम्नलिखित समस्याहरुमा केन्द्रित भई यो अध्ययन गरिएको छ ।

(१) यस कोल्हुवाक्षेत्रमा केकस्ता नेपाली लोकगीतहरु प्रचलित छन् ।

(२) यस क्षेत्रमा गाइने लोकगीतलाई केकसरी वर्गीकरण र विश्लेषण गर्न सकिन्छ ।

यिनै समस्यामा यो अध्ययनपत्र सिमित रहेको छ ।

## १.३ अध्ययन कार्यको उद्देश्य

यस अध्ययनपत्रको उद्देश्य कोल्हुवाक्षेत्रमा प्रचलित लोकगीतहरुको अध्ययन गर्नु मुख्य उद्देश्य हो ।

(१) कोल्हुवाक्षेत्रमा प्रचलित नेपाली लोकगीतहरुको सङ्कलन गर्नु ।

(२) यस क्षेत्रमा गाइने लोकगीतको वर्गीकरण र विश्लेषण गर्नु ।

यिनै उद्देश्य परिपूर्तिकालागि अध्ययनपत्र तयार पारिएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

राष्ट्रिय स्तरमा नेपाली लोकगीतको अध्यय विश्लेषण गर्ने कार्य विभिन्न विद्वान्हरुबाट हुँदै आएको पाइन्छ । हाल नेपाली साहत्यको अध्ययन अनुसन्धानको क्रममा निश्चित क्षेत्र र भाषाका लोकगीतहरुको अध्ययन, सङ्कलन र सम्पादन गर्ने प्रयासहरू भइरहेका छन् तर पनि हालसम्म पनि नवलपरासी जिल्लाको कोल्हुवाक्षेत्रमा केन्द्रित भएर यहा प्रचलित सबै प्रकारका लोकगीतहरुका बारेमा छुट्टै अध्ययन, अनुसन्धान भएको पाइँदैन तापनि गीतसँग सम्बन्धित पूर्वकार्यलाई तल प्रस्तुत गरिएको छ :

चूडामणि बन्धुले **नेपाली लोकसाहित्य** (२०५८) नामक पुस्तकमा लोकवार्ता र लोकसाहित्यको अध्ययन अनुसन्धानका पद्धतिका बारेमा प्रकाश पारेका छन् । नेपाली लोकसाहित्यका सम्पूर्ण विधाहरु उदाहरणसहित विभिन्न क्षेत्रमा प्रचलित नेपाली लोकगीतहरु र ती गीत गाइने स्थलका नामसमेत उल्लेख गरेका छन् । नेपाली लोकसाहित्यको अध्ययनपरम्पराका साथै नेपाली लोकसाहित्यका सम्पूर्ण विधाहरुको उदाहरण सहित विश्लेषण गरिएकाले यस क्षेत्रमा अनुसन्धान गर्न चाहने अध्ययनकर्ताहरुलाई सहयोगी रहेपनि नवलपुर

कोल्हुवाक्षेत्रका लोकगीतको यसमा चर्चा गरिएको छैन र यस अध्ययनपत्रमा त्यस अभावलाई थोरैभएपनि परिपूर्ति गर्ने चेष्ठा भएको छ ।

शम्भुप्रसाद कोइरालाले **लोकसाहित्य : सिद्धान्त र विश्लेण** (२०५५) नामक पुस्तकमा लोकसाहित्यको पूर्ण परिभाषा गरी लोकगीतको विषेशता र वर्गीकरण गरेका छन् । यस पुस्तकमा नेपालको पश्चिमी क्षेत्रका केही लोकगीतहरुको चर्चा गरे पनि नवलपरासी जिल्लाभित्र प्रवेश गरेर यस क्षेत्रको छुट्टै चर्चा गरेको पाइँदैन । त्यसैले नवलपुर जिल्लाको कोल्हुवाक्षेत्रमा केन्द्रित भएर लोकगीतको सङ्कलन, वर्गीकरण र विश्लेषण गरी तयार पारिएको प्रस्तुत अध्ययन प्रतिवेदन पहिलो प्रयास हो ।

सूर्यविक्रम ज्ञवालीको, र समय नेपाली जीवन **(साहित्य सम्मेलन पत्रिका १९८९)** मा लोकगीतको महत्त्वलाई झल्काउदै लोकगीतको संकलन गर्नुपर्ने आवश्यकतालाई औल्याएका भएपनि नवलपुरको कोल्हुवाक्षेत्रमा प्रवेश गरेको पाइएको छैन ।

सत्यमोहन जोशीले **हाम्रो लोकसंस्कृति (२०१४)** नामक पुस्तकमा नेपालको लोकसंस्कृतिको बारेमा प्रकाश पारेका छन् । लोकसंस्कृति भनेको समाजको सिर्जना र समाजमा हुने विभिन्न क्रियाकलापको ऐना हो भन्ने कुरा ब्यक्त गरेका छन् । मानिसको जन्म, विवाह, मृत्यू जस्ता कुराहरूलेनै लोकसंस्कृतिको सिर्जना हुन्छ भन्ने कुरा ब्यक्त गरेको पाइन्छ तर नवलपुर कोल्हुवाक्षेत्रको बारेमा उल्लेख भएको छैन ।

धर्मराजथापाले लोकसंस्कृतिको घेरामा **लम्जुङ (२०१४)** नामक पुस्तकमा लोकसाहित्य र लोकसंस्कृतिको ब्याख्या र विश्लेषण गरेका छन् । गाउँघरमा हुने मेलापात, अर्मपर्म, घाँसदाउरा गर्न जाँदा मानिसको मनबाट निस्कने सुमधुर शब्द र वेदना समेटिएका गुञ्जनबाट नै लोकसंस्कृतिको सिर्जनाहुने कुरा ब्यक्त गरेका छन् तर नवलपुरक्षेत्रमा प्रवेश गरेर लोकसाहित्य खोतल्ने प्रयास भएको छैन ।

**राष्ट्रकवि माधव प्रसाद घिमिरेले** नेपाली साहित्यको गतिविधिलाई सम्पन्न र स्तरिय बनाउनको लागि शिर्ष भूमिका खेलेका छन् । उनले नेपाली गीतका विभिन्न क्षेत्र - राष्ट्रियगीत, आधुनिकगीत, चलचित्र, गीतीनाटक, बालगीत आदिमा कलम चलाएपनि माधव घिमिरेको वि.सं. २०१० मा प्रकाशित गीत ‘गाउँछ गीत नेपाली ज्योतीको पंख उचाली’ अत्यन्तै लोकप्रीय भएपनि नवलपुर कोल्हुवाक्षेत्रमा प्रवेश गरेको भेटीएको छैन ।

माहानन्द सापकोटा लोक साहित्यको चर्चागर्ने प्रथम व्यक्ति र कृतिका रूपमा **'नौलोकुरा' - (१९८३)** नामक गोर्खा संसारमा लोकसंस्कृतिको व्याख्या गरेको भएपनि नवलपुरको कोल्हुवाक्षेत्रमा प्रवेश गरेर लोकगीतको चर्चा गरेको भेटीएको छैन ।

बाबुराम आचार्यले **वि.सं. २००३ सालमा पुरानाकवी र कवीता** मार्फत लोकगीतको चर्चा गरेका छन् । लोकगीतलाई विभिन्न कवीहरूको कवीतालाई समालोचना र विश्लेषणगर्दै नेपाली लोकसाहित्यलाई अझै प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका खेलेको भएपनि नवलपुर कोल्हुवाक्षेत्रमा प्रवेश गरेर लोकगीतको चर्चा गरीएको पाइएको छैन ।

कालिभक्त पन्तले हाम्रो **संस्कृति इतिहास (२०२७)** मा दौरा सुरुवाल, गढ्वाल र अन्यत्रबाट आयतित पोषाक हो - भोटो, कक्षाड, गुन्यो, चोलो धोती पो हाम्रो हो भनि नेपाली साहित्य र संस्कृतिको व्याख्या गरेका छन् । हाम्रो आफ्नै देशमा हाम्रो गौरव झल्किनी भेषभूषा, रितीरिवाज, गरगहना, चलनचल्ती नै हाम्रो देशको सम्पती हो । हाम्रो लोक संस्कृति हो भनेर हाम्रो लोकसंस्कृतिको व्याख्या गरेको पाइन्छ तर पनि नवलपुर कोल्हुवाक्षेत्रको कहींकतै उल्लेख गरेको भेटीएको छैन । त्यसैले कोल्हुवाक्षेत्रको लोकसंस्कृतिको पहिचानको लागि थोरै भएपनि सहयोग गर्ने प्रयास गरेकी छु ।

यसका साथै भाविपूस्तकालागि यस अध्ययनपत्रमा संकलित लोकगीतहरू महत्त्वपूर्ण लोकसामाग्रीहुने बालकदेखी सबै उमेर समूहका व्यक्तिका लागि पढ्न र सस्वादन र हेर्न मिल्ने तथा अझ गहिरिएर लोकगीतको अध्ययनगर्न चाहने अनुसन्धानकर्ताका लागी सोधसामाग्री हुने यस अध्ययनपत्रको प्रक्षिक औचित्य र महत्त्व स्पष्ट छ ।

## १.५ अध्ययन कार्यको महत्त्व

लोकगीतमा लोकजीवनमा रहेका धर्म, संस्कृति, परम्परा, समाज, सुखदःख र जीवनका तितामिठा अनुभवहरु सँगालिएका हुन्छन् । आजको पश्चिमी सभ्यता, संस्कृति र आधुनिक सञ्चार माध्यमको विकाससँगसगै स्थानीय मूल्य र मान्यतालाई झल्काउने लोकगीतहरु ओझेलमा पर्दै गएको अवस्थामा लोकगीतको अध्ययन, अनुसन्धान र सम्वर्द्धन गरिनु अत्यन्त आवश्यक छ । नवलपुर कोल्हुवाक्षेत्रमा प्रचलित लोकगीतहरुको सङ्कलन, वर्गीकरण र अध्ययन हालसम्म कुनै अनुसन्धानबाट नगरिएको हुँदा नयाँ प्रयोगको दृष्टिले तथा छरिएर रहेका र लोप हुन लागेका पुराना लोकगीतहरुलाई लिपिबद्ध गरिने दृष्टिले यो अध्ययन उचित र महत्वपूर्ण भएको छ । यसका साथसाथै भावी पुस्ताले लिपिबद्ध लोकगीतहरुलाई सहजरुपमा प्राप्त गर्न

सक्ने वालकदेखि युवायुवती र वृद्धवृद्धासम्मले हेर्ने, गाउँने, रसास्वादन गर्ने र अझ गहिरिएर खोजी गर्ने परम्पराको विकास भई त्यस क्षेत्रका लोकसंस्कृति तथा संस्कारको उजागर हुने हुनाले यो प्रस्तावको प्राज्ञिक औचित्य एवम् महत्व देखिन्छ ।

### १.६ अध्ययनको सीमाङ्कन

नेपालका लोकगीतहरु प्रत्येक कुनाकाप्चासम्म रहेका मानिसहरुका मनमस्तिष्कमा गुञ्जिरहेको पाइन्छ । लोकगीत विभिन्न जातजाति भाषाभाषीका विभिन्न संस्कृति झल्काउने एक साहित्यिक विधा हो । नवलपरासी जिल्लाको कोल्हुवाक्षेत्रलाई आधार बनाई त्यस क्षेत्रम प्रचलित लोकगीतहरुको मात्र सङ्कलन र विश्लेषण गर्नु मात्र अध्ययनपत्रको सीमा रहेको छ।

### १.७ अध्ययनविधि

अध्ययनविधि अनुसन्धानपत्रको महत्वपूर्ण अङ्ग हो । कुनै पनि कार्यमा सफलता पाउने योजनावद्ध र व्यवस्थित ढङ्गले कार्यकलाप सञ्चालन गर्नुपर्ने हुन्छ । लोकसाहित्यका लागि क्षेत्रीय अध्ययनविधि, नमुना सङ्कलनविधि, पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिन्छ । यस कार्यका लागि अनुसन्धानकर्ता स्वयम् सम्बन्धित क्षेत्रमा गई नमुना संकलित विधिमार्फत लोकगीतहरु सङ्कलन गरिएको छ ।

### १.८ अध्ययनपत्रको रुपरेखा

यस अध्ययनपत्रलाई व्यवस्थित र सङ्गठित बनाउनका लागि निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ र परिच्छेदलाई पनि आवश्यकताअनुसार शीर्षक तथा उपशीर्षकमा वर्गीकरण गरीएको छ :

पहिलो परिच्छेद : अध्ययनपत्रको परिचय

दोस्रो परिच्छेद : नवलपुर कोल्हुवाक्षेत्रको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : कोल्हुवाक्षेत्रका लोकगीतको सङ्कलन

चौथो परिच्छेद : कोल्हुवाक्षेत्रमा लोकगीतको वर्गीकरण र विश्लेषण

पाँचौँ रिच्छेद : सारांश तथा निष्कर्ष

अन्त्यमा सन्दर्भ सामाग्रीसुची, गायकगायिकाहरूको परिचय, कोल्हुवाक्षेत्रको राजनैतिक नक्सा समेत राखी अध्ययनपत्रलाई सङ्क्षेपमा प्रस्तुत गरीएको छ ।

## दोस्रो परिच्छेद

## नवलपुर कोल्हुवाक्षेत्रको सङ्क्षिप्त परिचय

२.१ **विषयपरिचय** ः कोल्हुवा हाल गण्डकी प्रदेश नवलपुरजिल्ला मध्यविन्दु नगरपालिका वडा नं. १ अन्तर्गत रहेको एउटा गाउँ हो । यहाँ ब्राह्मण, क्षेत्री, थारू जातिको बाहुल्यता छ र लोकगीतको धनी छ ।

### २.२ नवलपरासी जिल्लाको परिचय

नेपालको प्रशासनिक विभाजनअनुसार नेपालको राजधानी काठमाडौँबाट करिब १६० किलोमिटर पश्चिम दिशामा गण्डकी प्रदेशमा रहेको छ यो जिल्ला यस जिल्लाको पूर्वमा चितवन जिल्ला पश्चिममा पश्चिम नवलपरासी जिल्ला उत्तरमा पाल्पा जिल्ला र तनहुँ जिल्ला र दक्षिणमा नारायणी नदी पर्दछ । यस जिल्लाको जनसंख्या ३११६०४ रहेको छ भने यस जिल्लाको क्षेत्रफल १०४३.१ वर्गकिलोमिटर रहेको छ ।

नवलपरासी जिल्ला नेपालको गण्डकी प्रदेश अन्तर्गतको एक जिल्ला हो । यो जिल्ला नेपालको एक ऐतिहासिक, धार्मिक र सास्कृतिक पक्षबाट परिचित छ, यस जिल्लामा विभिन्न जातजाति धर्म संस्कृतिका मानिसहरुको बसोबास भएकोले यहाँ परापूर्व कालदेखि विभिन्न धर्म, संस्कृति, रहनसहन चाडपर्व रीतिरिवाज प्रचलनहरु पनि आफ्नै प्रकारले चल्दै आएको पाइन्छ ।

### २.३ भौगोलिक परिचय

गण्डकी प्रदेशको राजधानी पोखराबाट दक्षिण दिशा अवस्थित छ नवलपरासी जिल्ला भित्रि मधेशअन्तर्गत पर्ने भएकोले यहाँको हावापानी तराईको जस्तो उष्ण नभई केही मात्रामा शितलो किसिमको रहेको छ। यहाँको तापक्रम गर्मीमा ३८ डिग्री सेल्सियस सम्म माथि पुग्छ भने जाडोमा ५ डिग्री सेल्सियस सम्म तल ओर्लन्छ ।
(जल तथा मौसम विज्ञान विभाग २०७७)

### २.४ राजनीतिक/प्रशासनिक विभाजन

नवलपरासी जिल्लामा चारवटा नगरपालिका रहेका छन् भने छ वटा गाउँपालिका रहेको (जिल्ला समन्वय समिति) यस जिल्लाको मध्यविन्दु नगरपालिकामा कोल्हुवा क्षेत्र पर्दछ । यस कोल्हुवाक्षेत्रको उत्तरतर्फ मंगोलियन समुदायको वस्ती रहेको छ भने दक्षिणतर्फ थारु जातिको बाहुल्यता रहेको छ । यहाँ ठुलो क्याम्पस पनि रहेको छ भने यस क्षेत्रमा विद्यालयहरु पनि प्रशस्तै रहेको छ । यहाँ विभिन्न राजनैतिक दलले आफ्नो वचर्स्व कायम

राख्न चाहे तापनि ने.का., एमाले, माओवादी आदि विभिन्न भातृ तथा भगिनी सङ्गठनहरु, महिला सशक्तीकरण समूह आदि सक्रिय रहेको देखिन्छन् । यस्तै प्रहरी चौकी, वन समुदाय, मानव अधिकारकर्मी, नागरिक समाजका अगुवाहरुले पनि अहम् भूमिका खेलेको पाइन्छ ।

## २.५ नदीनाला तथा खानेपानी

नवलपरासी जिल्लामा विभिन्न खोलाहरु रहेको छ जस्तो उल्टी खोला छहरे खोला सुरुवा खोला आदि । त्यस्तै यस जिल्लाको दक्षिणतिर नारायणी नदी रहेको छ । जुन नेपालकै गहिरो नदीका नामले चिनिन्छ । यसै नदीमा विभिन्न जातजातिका मानिसहरुको मृत्यु हुँदा आ-आफ्नो संस्कृतिअनुसार संस्कार गर्ने प्रचलन पाइन्छ । त्यस्तै यस क्षेत्रमा खानेपानीको लागि नगरपालीकाले घरघरमा धारा वितरण गरेको छ । जसले गर्दा खानेपानीको समस्या यहाँ देखिँदैन ।

## २.६ प्रमुख स्थलहरु

### (क) दाउन्ने देवीको मन्दिर

नवलपरासी जिल्लाको दक्षिणी भेगमा पर्ने चुरे पहाडमा प्रसिद्ध दाउन्ने देवीको मन्दिर छ । यस मन्दिरमा प्रायः जसो दिनहुँ मानिसहरुको भिड लाग्ने गर्दछ । दाउन्ने देवीले आफ्ना भक्तजनहरुको मनोकांक्षा पुरा गर्ने गरेको हुँदा यस मन्दिरमा दिनहुँ भिड लाग्ने गरेका दर्शनार्थीहरुबाट सुनिन्छ । यस मन्दिरमा विशेष गरी दशैंमा परेवा, बोका, कुखुरा जस्ता जन्तुको भोग लगाएर भाकल बुझाउने चलन रहेको पाइन्छ । त्यस्तैगरी यस पहाडमा प्रसिद्ध टेलिभिजनको र रेडियो नेपालको टावर पनि रहेको छ । चुरे पहाडको टुप्पामा रहेको दाउन्ने देवी मन्दिर परिसरबाट तलको फाँटहरु अत्यन्तै रमणीय र सुन्दर देखिन्छ भने मन्दिर वरीपरीको वृक्षारोपण र वरपरको जङ्गलले मन नै लौभ्याउँछ ।

### (ख) मौलाकालिका भगवती

नवलपरासी जिल्लाको पूर्वी भागमा मौलाकालिका भगवतीको मन्दिर रहेको छ । यो पन्दिर नवलपरासी जिल्लामा मात्रै नभई प्रायः देशभरी नै प्रसिद्ध रहेको छ । यस मन्दिरमा दर्शन गर्न देशका विभिन्न भागबाट दर्शनार्थीहरु आउने गरेको पाइन्छ । नवलपरासी जिल्ला गैडाकोट नगरपालिका उत्तरतर्फ पहाडको टुप्पामा अवस्थित यस मन्दिरबाट चितवन र तनहुँको सङ्गम स्थल वा त्रिशुली र कालीगण्डकी नदीको किनारमा रहेको हरिहर क्षेत्र देवघाट धामको अत्यन्तै रमणीय तरिकाले अवलोकन गर्न सकिन्छ । त्यस्तै यस मन्दिर परिसरबाट नारायणगढ

बजार र नवलपरासीको गैडाकोटको पनि दृश्यावलोकन गर्न सकिन्छ । मौलाकालिका भगवती मन्दिरको प्रमुख विशेषता भनेको यस मन्दिरमा पशुको बली दिइँदैन । यहाँ काटमार निषेध गरिएको छ । यस मन्दिरमा दर्शन गरेमा मनले चिताएको पुग्ने किंवदन्तीमा उल्लेख छ ।

**(ग) शास्वतधाम**

नवलपरासी जिल्लाको मध्य भागमा पर्ने यो शास्वत धाम महेन्द्र राजमार्गको छेउमा देवचुली न.पा. मा पर्दछ । यो धाम चौधरी ग्रुपले अत्यन्तै कलात्मक पाराले निर्माण गरेको छ । यो धाम अत्यन्तै मनमोहक र रमणीय रहेको हुँदा यहाँ दर्शन गर्न देशका विभिन्न भागबाट मानिसहरु आउने गरेका छन् । यसका साथै यो धाम पूर्वपश्चिम राजमार्गको बाटैमा पर्ने हुँदा सो बाटो हिँडने व्यक्तिहरुले पनि त्यहाँ झरेर दर्शन गरी हिड्ने गरेको पाइन्छ । यसका अलवा यो धार्मिक स्थलका साथसाथै पर्यटकीय स्थलका रुपमा समेत विकास भएको पाइन्छ ।

## २.७ शैक्षिक स्थिति

शिक्षाको क्षेत्रमा यो जिल्ला अगाडि रहेको देखिन्छ । नवलपरासी जिल्लमा करिव ७० प्रतिशत (स्रोत जिल्ला समन्वय समिति) जनसङ्ख्या साक्षर रहेका छन् । यस जिल्लामा थुप्रै क्याम्पसहरु र बोडिङ स्कुलहरु सञ्चालनमा रहेका छन् त्यसैले यस जिल्लामा शिक्षाको अवस्था राम्रो रहेको छ ।

## २.८ सामाजिक जनजीवन

नवलपरासी जिल्ला विविध जातजातिका मानिसहरुको बसोबास भएको क्षेत्र हो । यहा बाहुन, क्षेत्री, गुरुङ्, मगर, थारु आदि जस्ता जातजातिहरु बसोबास गर्दछन् । खासगरी यस क्षेत्रमा बसोबास गर्ने आदिवासी को हुन् भन्ने एकीन गर्न सकिएको छैन । यहा प्रायः बाहुन क्षेत्रीको नै बाहुल्यता देखिन्छ । एक दुई घरहरु मात्र अन्य जातिको रहेको छ । यहाँ जातिअनुसार आफ्नो आफ्नो धर्म, संस्कृति, रीतिरिवाज, रहनसहन र जीवनशैली अँगाल्दै आएका छन् । यहाँका मानिसहरुले बोलीचालीको रुपमा मातृभाषाको प्रयोग गर्ने गरे तापनि सबैको सम्पर्क भाषा चाहीँ नेपाली भाषा नै हो ।

## २.९ साहित्यिक गतिविधि

नवलपरासी जिल्लाको मध्यबिन्दु न.पा. को कोल्हुवा क्षेत्रमा साहित्यकारहरु तथा साहित्यिक सिर्जनाहरु हालसम्म देखिएका छैनन् तर आजका दिनहरुमा आएर उच्च शिक्षामा

अध्ययनरत छात्रछात्राहरुले आफ्नो शोधको विषयलाई यस क्षेत्रका कलासाहित्यलाई लिन थालेको पाइन्छ ।

## २.१० कोल्हुवा क्षेत्रको परिचय

नेपालको प्रदेश नम्बर चारअन्तर्गत पर्ने नवलपरासी जिल्लाको मध्यबिन्दु न.पा. को कोल्हुवा क्षेत्रमा सांस्कृतिक विविधता भएको क्षेत्र हो यहाँ विविध जातजातिका मानिसहरुको बसोबास रहेको छ । यहाँका मानिसहरुको आ-आफ्नै किसिमको संस्कृति, रीतिरिवाज र जीवनशैली छ । यो जिल्ला भित्री मधेशको जिल्ला भएकोले र दक्षिणतर्फ भारतसँग जोडिएको हुँदा यहाँको जनजीवन क्रमशः आधुनिकतातर्फ ढल्किँदै गएको छ । तर पनि परम्परागत लोकसंस्कृति जीवन्त रहेको छ । विशेषतः यस क्षेत्रमा मनाइने उत्सव, संस्कार जस्ता कार्यहरुमा विभिन्न खालका जोकगीतहरु गाउने चलन छ ।

## २.११ निष्कर्ष

प्रदेश नम्बर ४ कै ऐतिहासिक गौरवका रुपमा रहेको छ । नवलपरासी जिल्लाभित्री मधेशको जिल्ला भएकोले यहाँको जनसङ्ख्या पनि घना नै देखिन्छ । भित्री मधेशको जिल्ला भएकाले कृषि वाली पनि राम्रो हुने हुदा यहाका कृषक आर्थिक दृष्टिकोणले सम्पन्न देखिन्छन् । यो क्षेत्र सांस्कृतिक रुपले पनि समृद्ध रहेको पाइन्छ । यहाँ विभिन्न जातजातिका मानिसहरुको बसोवास रहेकाले तिनीहरुका आ-आफ्नै किसिमका भेषभुषा, रहनसहन र जीवनशैली पाइन्छ । स्थानीय परिवेशमा झल्केका लोक संस्कृतिहरु यहाँका विशिष्ट सांस्कृतिक सम्पदा हुन । यही संस्कृतिको एउटा पक्ष लोकगीत पनि हो । त्यसैले नवलपरासी जिल्ला मध्यविन्दु न.पा. को कोल्हुवा क्षेत्रमा प्रचलित विभिन्न किसिमका नेपाली लोकगीतहरुको सङ्कलन गरी तिनीहरुको वर्गीकरण गर्ने कार्य यस अध्ययन प्रतिवेदनमा गरिएको छ ।

## तेस्रो परिच्छेद

## नवलपरासीको कोल्हुवा क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन

### ३.१ कोल्हुवा क्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन

कोल्हुवा क्षेत्र नेपाली साहित्यको क्षेत्रमा एक उर्वर भूमि मानिन्छ । यहाँको वनजङ्गल, नदीनाला आदि जस्ता प्राकृतिक अनुपम दृश्यहरुले भरिएको हुनाले पनि यहाँका ग्रामीण बस्तीहरु लोकगीतको उर्वर भूमि मानिन्छ । यस ग्रामीण पहाडी बस्तीमा मानिसहरु आजभोलि कृषि पेशामा खेतीपाती मात्र नभई कुखुरा पालन, बङ्गुर पालन, बाख्रा पालन जस्ता व्यवसायतर्फ प्रेरित हुने गरेको देखिन्छ । खेतीपाती गर्दा र विभिन्न खालका पर्वहरुमा लोकगीत सुसेलिएको पाइन्छ ।

### ३.२ महल/मागल

सुनी छोरीको यो कष्टको विलाप
दुवैको पऱ्या चिन्तामा भारी ताप
तथापि ती आमा फकाई फुल्याई
खुबै ध्यान दी भन्दछिन् छोरीलाई
ए छोरी जाऊ खुसीसाथ घरमा
नरोऊ चल्ने चल्ती छ यै लोकभरमा
म दिन्छु तिमीलाई यो आरती सत्य
बताए बमोजिम काम गर नित्य
बिहान उठी नम्र भै भक्तिसाथ
झुकी स्वामीको पाउमा राख माथ
सदा दण्डवत् प्रेमले खुसी मानी
गर आफ्नो घरको काम सारा जानी
सम्भाली अनि देहको शास्त्र सार
गएर झ्यालढोका सबै उघार
मधुरो सफा बोलीले सुस्त सुस्त
जगाऊ है परिवारलाई समस्त
गएमा कुचो हातमा लिई तुरुन्त
कसिँगर कुनाकानीको सफा बढारे

लिपी पोती चौका घर सफा पारे
दिसा गई सूची भै दतिवन लगाऊ
नुहाऊ सफा वस्त्र पहिरी आऊ
अगेनामा झट्ट अग्नि जगाऊ
अनि मात्रै आफ्नो कोठाभित्र जाऊ
घरी सामु ऐना फुकाएर केश
सफा पार्नु चुलठी बाटी वेश
जुही जाई क्यै न क्यै फूल गाथी
लगाऊ तिमीले सधैं शिरमाथि
अनि झट्ट भण्डार कोठाभित्र जाऊ
पकाउन पर्ने सबै चिज ल्याऊ
उज्यालामा राखी केलाएर फेरि
सफा पार्नु आफूले हेरी हेरी (दुर्गा अर्याल, ६७ र सावित्री अर्याल, ५५)

### ३.३ रत्यौली

रत्यौली रमाइलो भयो
साइपाटा लिएर को गयो२
बाबुले ल्याएको झोला
मैले खोल्न होला कि नहोला
बाबुले ल्याएको झोला
खोल्यौ भने देउवाटको वाम होला
खोल्यौ आमा नटेरी नटेरी
देउघाटमा बनाँउला कटेरी
ल्याको झोला सानुलाई दिनी हो
आमालाई त दुइ किलो चिनी हो
रत्यौलीले जुलुमै पाऱ्यो
घर खबर पुएछ लौ माऱ्यो
आज त रमाइलो हुन्छ
भोली बचन नलगाउ मन रून्छ

बुहारी ल्याइदिए मैले
रातो टिका लगाइदेउ आमाले
आमाले बालीदेउ बत्ती
आउँदैछन् शिव र पार्वती
हे भरे त बुहारी आउँछे
सासूलाई बोकेर डुलाउँछे
बोकेर डुलाउने कुन थियो
उचालेर नफाले हुन्थियो
भरे त बुहारी आउँछे
ए आमा भनेर बोलाउँछे (मञ्जु पौडेल, ३५)

## ३.४ जेठे गीत

अग्राखे काठ फलामको काँटी, झ्याल ठोक्यो कर्मीले मायालु
जेठको याममा मिलाएर ठ्याम्म झ्याल ठोक्यो कर्मीले मायालु

× × × × × × × ×

आइज न बादल, छेकी देन घाम, मैँ मरेँ मायालु
टारको ठाम कति चर्को घाम, मैँ मरेँ मायालु
दही दिँदा खाइनौ, दुध दिँदा खाइनौ, मोहीको पानी ढुक्दै छौ मायालु
जुन थालमा खायौ दुध र भात त्यही थालमा चुट्दैछौ मायालु
सडेर गयो, पिपलुको हाँगा, हावाले भाँचेको मायालु
जता जता पाक्यो, ऐ सेलु काफल, उतै चरी नाचेको मायालु
बालाकै कालमा लाएको माया पिनासरी पेल्दैछौ मायालु
आफन्त ठानी औँला दिँदाखेरि डुडुल्नो नै निल्दैछौ मायालु (राममाया तिवारी, ४८)

## ३.५ असारे गीत

भदौ है मासका खरि लाउदा घाँम
एकलै गोड्छेउ नि जिरिया होई
तिमरा ससुरा कता गए नानी
एकलै गोड्छेउ नि जिरिया होई
हामरा ससुरा गाँउका मुखिया

एकलै गोड्छु नि जिरिया होई
तिमरी सासु कता गइन नानी
एकलै गोड्छेउ नि जिरिया होई
हामरी सासु खाना पकाउनी
एकलै गोड्छु नि जिरिया होई
तिमरा जेठाजु कता गए नानी
एकलै गोड्छेउ नि जिरिया होई
हामरा जेठाजु स्कूल पढाउनी
एकलै गोड्छु नि जिरिया होई
तिमरी जेठानी कता गइन नानी
एकलै गोड्छउ नि जिरिया होई
हामरा जेठानी कपडा धुनी
एकलै गोड्छु नि जिरिया होई
तिमरा स्वामी कता गए नानी
एकलै गोड्छेउ नि जिरिया होई
दुई पाते पिपलु सारी मैले छोडेथे
शितल बसन भएछनी होई
पाँच बर्षे कन्या बिहे गरी छोडेथे
जवान डाल भइछौनी होई (देवी न्यौपाने, ४२)

### ३.६ दाइँ गीत (मंसिरे गीत)

ह ह ह हो हो हो दाइँ बरादो हो हो हो
माली गाईको छोरा पुतली गाईको नाति
हिँड्न लागे बाबु बरादो
धान पराल माथि माथि
हो हो हो ह ह ह बरादो हो हो हो
हाम्रा बाबु बरादाको
लामा लामा कान
ल्याऊ भूमे राजा खलाभरी धान

हो हो हो ह ह ह बरादो हो हो हो
मियोको टुप्पोमा बसिहाल्यो कोइली
आजका दयाँरैलाई सुकेको चोइली
हो हो हो ह ह ह बरादो हो हो हो (बाबुराम दाहाल, ६८)

### ३.७ तीजगीत

तिज आयो भनेर नगरौं है खलबल२
बसौ दिदि बहिनी हो गरौं छलफल
मुक्ती कुरा गरौ हामी काम गर्ने बेलाम
अब हामी नबसौं जाल झेलमा
नबुझेर भन्थ्यौं हाम्ले सिक्री लाउन पाइएन
दासताको साङ्लो रैछ अब चाहिएन
नाक कान छेडाएर दासताको सिक्रीमा
हाम्रो जीवन जान लाग्यो खरिद विक्रीमा
यो समाजले हेर्छ हाम्लाई पशु संग दाजेर
हक लिन उठौं अब अघि बढेर
उठौ दिदि बहिनी हो आफ्नो हक लिनलाई
हक लिदा नडराउ ज्यान दिनलाई
हाम्रो हक अधिकार पाइदैन रोएर
अघि बढौं दिदि बहिनी छाती होलेर
भित्रि मन रोए पनि बाहिर बोल्न नहुनी
कति बसौं प्रशासनको पैतला मुनी
हातमा लिने जाले रूमाल कुरूषले
यो गीतको अन्त्य भयो अर्को सुन्नुहोस
कदम डाली छेल पारी हेर भैया बलराम २
पोखरीमा चिसो जल छ कि छैन २
भदौ र महिनाको अष्टमीको राती
कृण्ण वाला जन्मिएको होकी हाईन २
कृण्णजी भित्र पस्दा बाह्र बजे टलेको

दहि खाउँ कि घीउ खाउ भयो बरिलै २
कृण्णजीले दही खादा राधिकाले देखिछन्
सुतेको बलरामलाई ब्युझाइछन्
अहिले त राधिका मेरै कुरा लाउली
जमुना नुहाउदा चाल पाउली
वर्ष दिनको तिज पनि चाडै नै आयो
जमुना नुहाउन झरे बरिलै
आङको साडी खोलेर ढुङ्गी माथि राखेर२
एक पाली डुबुल्की मारे बरिलै२
डुबुल्की मारेर हेरदा खेरी
ढुङ्गी माथि साडी छैन बरिलै
कृण्णजी रूखमा मुरली मुखमा
कृण्णजीले लुकाए साडी बरिलै
जोम्ला हात जोडेर फूलको माला तोडेर
तब दिम्ला राधिका साडी बरिलै
जोम्ला हात जोड्दिन फूलको माला तोड्दिन
कृण्णजीले लको साडी जलाई छोड्दिन (पार्वती काफ्ले, ४५ र दुर्गा अर्याल, ४८)

## ३.८ मालसिरी गीत

जय देवी भैरवी जय गोरखनाथ
दर्शन देऊ भवानी
जय जय कालिका जय गोरखनाथ
दर्शन देऊ भवानी
जय जय माई मनकामना जय वाक्यश्वरी
दर्शन देऊ भवानी
जय जय अकला जय भगवती
दर्शन देऊ भवानी
जय जय पशुपतिनाथ जय त्रिलोकको
दर्शन देऊ भवानी (उमामाया पन्त, ६३)

## ३.८ भैलोगीत

हे हरियो गोबरले लिपेको

लक्ष्मीपूजा गरेको

हे औँसी बार, गाईतिहार भैलो

भैलिनी आइन् आँगन

गुन्यु चोलो मागन

हामी त्यसै आएका होइनौँ

बलिराजाले पठाको

हे औँसी बार, गाईतिहार भैलो

जसले दिन्छ मानु

उसको सुनको छानु

हे औँसीबार गाईतिहार भैलो

जसले दिन्छ पाथी

उसको ठूलो छाती

हे औँसीबार गाईतिहार भैलो

जसले दिन्छ मुरी

उसको सुनको धुरी

हे औँसी बार गाईतिहार भैलो

× × × ×

हे, सँगी हो भैलो

जम्मा र भयौँ भैलो

वर्ष र दिनको भैलो

तिहारैमा भैलो

आयौँ हामी भैलो

रमाइलो गर्न भैलो

हे भन-भन साथी हो भैलो

यो घरमा भैलो

राम्रो होओस् भैलो

धन सम्पत्ति भैलो

वर्षी जाओस् भैलो

यो घरको भैलो

जेठा छोरा भैलो

जर्नेल कर्नेल भैलो

भाइजाऊन् भैलो

हाकिम सब भैलो

भइजाऊन् भैलो

भैली जनका भैलो

आशिकले भैलो

लागी जाऊन् भैलो

पुगि जाऊन् भैलो (देवी न्यौपाने, ४२)

## ३.१० देउसी गीत

ए, भनभन भाइ हो देउसी रे

ए, झिलीमिली झिलीमिली देउसी रे

ए, केको झिलिमिली देउसी रे

ए, बत्तीको झिलिमिली देउसी रे

ए, तिहारैमा देउसी रे

ए, केराको थाममा देउसी रे

ए, बाह्र भाइ जम्मा देउसी रे

ए, आएका हामी देउसी रे

ए, देउसी खेल्दै देउसी रे

ए, रातो माटो देउसी रे

ए, चिप्लो बाटो देउसी रे

ए, लड्दै पड्दै देउसी रे

ए, घुम्दै फिर्दै देउसी रे

ए, घरभेटी आमा देउसी रे

ए, छिटो गर देउसी रे

ए, यहाँ मात्र होइन देउसी रे

ए, देसै संसार देउसी रे

ए, देउसी रे सबै घरमा देउसी रे

ए, पुग्ने हो नि देउसी रे

ए, फर्सीको मुन्टा देउसी रे

ए, पकाउनेलाई भन्दा देउसी रे

ए, केलाउनेलाई टन्टा देउसी रे

ए, छानामाथि घिरौला देउसी रे

ए, के के दिन्छ हेरौँला देउसी रे

ए, दिनै लाग्यो देउसी रे

ए, आउनै लाग्यो देउसी रे

ए, यो घरमा देउसी रे

ए, लक्ष्मीले बास गरून् देउसी रे

ए, दुःख कष्ट देउसी रे

ए, हटेरै जाओस् देउसी रे

ए, अब त हामी देउसी रे

ए, जान्छौँ आमै देउसी रे

ए, अर्को साल देउसी रे

ए, देउसी खेल्न देउसी रे (भगवती ढकाल, ३८, देवी न्यौपाने, ४२ र मञ्जु पौडेल, ३५)

## ३.११ भजन

हे कृष्ण आउन लिन

गोकुलमा जाने बाटो मैले चिनिन ।।

हे कृष्ण आउन लिन

गोकुलमा जाने बाटो मैले चिनिन ।।

हे कृष्ण आउन लिन

गोकुलमा जाने बाटो मैले चिनिन ।।

हे कृष्ण आउन लिन

गोकुलमा जाने बाटो मैले चिनिन ।।

हे कृष्ण आउन लिन

गोकुलमा जाने बाटो मैले चिनिन ।।

हे कृष्ण आउन लिन

गोकुलमा जाने बाटो मैले चिनिन ।।

हे कृष्ण आउन लिन

गोकुलमा जाने बाटो मैले चिनिन ।।

सोह्रसय गोलेनीका सोह्रसय सारी हे कृष्ण आउन लिन राखिदिए कृष्णजीले एउटै पोको पारी

हे कृष्ण आउन लिन

गोकुलमा जाने बाटो मैले चिनिन ।।

हे कृष्ण आउन लिन

गोकुलमा जाने बाटो मैले चिनिन ।।

हे कृष्ण आउन लिन

गोकुलमा जाने बाटो मैले चिनिन ।।

हे कृष्ण आउन लिन

गोकुलम जाने बाटो मैले चिनिन ।।

हे कृष्ण आउन लिन

गोकुलमा जाने बाटो मैले चिनिन ।।

हे कृष्ण आउन लिन

गोकुलम जाने बाटो मैले चिनिन ।।

हे कृष्ण आउन लिन

गोकुलमा जाने बाटो मैले चिनिन ।।

हे शिव आउन लिन

कैलाशमा जाने बाटो मैले चिनिन ।।

हे शिव आउन लिन

कैलाशमा जाने बाटो मैले चिनिन ।।

हे शिव आउन लिन

कैलाशमा जाने बाटो मैले चिनिन ।।

हे शिव  आउन लिन

कैलाशमा जाने बाटो मैले चिनिन ।।

हे शिव आउन लिन

कैलाशमा जाने बाटो मैले चिनिन ।।

हे शिव आउन लिन

कैलाशमा जाने बाटो मैले चिनिन ।।

हे शिव आउन लिन

कैलाशमा जाने बाटो मैले चिनिन ।।    (दुर्गा अर्याल, ४५ र सावित्री अर्याल, ४१)

## ३.१२ कीर्तन

हरे राम, हरे राम, राम राम हरे हरे ।

हरे कृष्ण, हरे कृष्णा, कृष्णा कृष्णा, हरे हरे ।।

त्यो पनि रामको ऊ पनि रामको

सबै संसार रामको म पनि रामको

हाँगा-हाँगामा प्रभु पात पातमा

हामलाई पनि लैजाऊ प्रभु तिम्रै साथमा

राम कृष्ण भगवान् त छन् मनमा

सारा संसार घुमे पनि छैनन वनमा    (कृष्ण अम्गाइँ, ५८)

## ३.१३ सिलोक

ए भाइ रतुवा तँ मेरो भतुवा

चढेर बोल्छस् अति

हिर्काउँला मुखमा झुन्ड्याउँला रुखमा

लडाउँला पातै कसी ।

रतनपुरको ठूलो बगरमा

अचार पिधेँझैँ तलाईं

भनेको मैले ढोग्दिनु तैँले

हामी पुरेत बाजेलाई ।

भाले मोरी गयो कऱ्याङकुरूङको

पोथी रूँदै धरधरी

मार्नै पर्छ यसलाई नमारी हुन्न
छाती चिरी चरचरी
सियो त सियो लुगा सिउने सियो
ताप्के चोरको नाति तैँ जत्रो थियो
ताप्के चोर्दा खेरी पऱ्यो हल्ली खल्ली
लाम घाह्रो पासो कुदम गल्ली गल्ली

पातो त पातो नाम्लोको पातो
सिलोक भन्ने ठिटाको गैहाल्यो सातो
सातो बोलाउन भरे मलाई डाक्नु
एकजोर परेवा कालिकालाई भाक्नु

होइ नकटा नखा न गँगटा
भोक लागे ताउलो ठटा
बाउलाई देश पठा आमालाई माइत पठा
दसैँलाई कुकुर मोटा
ए भाइ अनिका नखा न कनिका
बुद्धि छन् अरे तेरो
छ कालो थुतुनो छोरो चै दनुवार
चाकर हरायो मेरो
एकदिन जन्त गई सुकिला लुगा लाए
भात खानै धानकै पाए
आन्द्रामाला लाए पुच्छर पोली खाए
भूडी भरेर सिंङ ठटाउँदै गए । (गोविन्द रेग्मी, ६८)

## ३.१४ सवाई गीत

(चराको सवाई गीत)

सुन सुन पाँच हो म केही भन्छु
चरिको विवाहको सवाई कहन्छु
प्रथमा कोकले केटी माग्न गयो
दिन हेर्ने भनी भद्रै चरी गयो
बनबाट लाहाचे काठ खोजी ल्याउँथ्यो
घर बसी भुसिटे आरनमात्र लाउँथ्यो
राम्रा राम्रा सुनचरी गहना कमाउँथ्यो
दुलाहाको जामा भने तित्राले सिउँथ्यो
लुगा धुन भनेदेखि धोबी चरी थियो
बट्टैले भनेदेखि धान खोजी ल्याउँथ्यो
घर बसी ट्याकले बिस्कुन सुकाउँथ्यो
रातदिन भगेरो धान कुट्न आउँथ्यो
घर बसी फिस्टाले घान मात्रै लाउँथ्यो
लाटी चरी केलाउने बुङ्गी चरी सार्ने
घर बसी रानी चरी चलन चाँदो पार्ने
लाटा कोसेरा सिन्की चिरी ल्याउँथ्यो
दुना र टपरी जुरेलीले लाउँथ्यो
सिधा दिन भनेदेखि चुप्प चरा आउँथ्यो
टिकटिकी चराले चुला लाइदिन्थ्यो
दाउरा खोज्न भने भुडीफोर थियो
दिहुला दाना र सेहुला ल्याउँथ्यो
सिन्कुकुरले चामल भिजाइदिन्थ्यो
सिकारीले भनेदेखि मारगिनी सिद्ध
मासु ठुग्ने भने थियो बूढो गिद्ध
हुटिट्याउ गाउँमा निम्ता गर्न गयो
चिचिनकोटे चरो लुगा बटुल्ने भयो

सिरिचन्दन चरी भनेदेखि चन्दन घोट्न आउँथ्यो
घोटेको जति बकुल्लाले लाउँथ्यो
बाहुने चरीलाई भान्सामा लाए
भात र भतियार सबैले खाए
पंक्षी र नामको बरियात भयो
डोली बोक्न भने चिबेचरी गयो
जति छन् कल्चौडा कल्सौली गए
रानीचरी जतिछन् मढौली भए
तोरीगाडा छाटिएर जन्तजान आए
दुलाहाको बाउ भने कोकलेलाई बनाए
चखेवालाई चाडै गरी बोलाई पठाए
चमेराले सबेरै आफ्नो धन्दा गरने
सिमलचरी कोइ काममा अगाडि सरने
दुलहीको बाउ सोची उनसे चरी जान्दैन
बाजाको बन्दोबस्त कसैले गरेन
फाप्रे चरो आफै जान्नी अह्राउन परेन
चुप ती चिम र काले एकै चोटी आए
बाजाका बन्दोबस्त तिनैले मिलाए
ढुकुरले भनेदेखि ढलकी रोज्यो
भ्याकुरले भनेदेखि ट्याम्को खोज्यो
कागले भनेदेखि कर्नाल बजाए
जति छन् लामपुच्छे सनाई बजाए
बिचमा बाँडाले छाता ओढायो
काकाकुलले उसै बेला नरसिंहा बजायो
बेसारे चरीले चौका पारिदियो
धोती चिर्ने भने गौँथली भयो
यज्ञविधि भनेदेखि सुगा मैना गर्थे
जति छन् सार्कोटी सिलोक पढ्थे

कुखुरा परेवाले पहरा जनाए
लाटोकोसेरो कानोलाई घर कुर्न लाए
जति छन् कन्याङकुरूङ सिंदूर लिन गयो
सिंदूर हाल्ने चाहिँ कुथुर्के भयो
न्याउली चरी बेहुलीको कुथुर्के बेहुला
विवाह गरेर आफ्नै घर जाउँला
रिमरिमे चरीले माहल गाउला
ताहानाले मुहुनाले डाँफेचरी आउला
कसार चिउराको भाग कल्ले लाउला
बुड्या चरी आई अब सगुन भयो
हामीलाई छुट्याएर भनी रूदै गयो
पंक्षी र नामको विवाह सबै भयो
विदावादी भएर होलेसो गयो
मेरो कच्चा बुद्धिले यतिमात्रै जान्छु
कोही बाँकी रहेछन् कि भनेर ठान्छु
मैले जानी नजानी कथना गरेको
जन्मले सहदा दिनुहोला तहाँ
यो सवाई भनेको मेरै मनमहाँ (दशरथ अर्याल, ६५)

### ३.१५ भ्याउरे गीत

जाम भने जाम तनी जाम भने जाम तनी
दुइचार महिना घुमेर आम तनी
पानको पात माया तिम्लाई सम्भन्छु दिनको रात
मर्स्याङदी सलल..............
जाम बाटो काशिको जाम बाटो काशिको
घर न दुवार मै सुकुम्बासीको
पानको पात माया तिम्लाई सम्भन्छु दिनको रात
मर्स्याङदी सलल.................
जाम उदै उदै जाम उदै उदै

पुर्व दिशा उज्यालो नहुदै
पानको पात माया तिम्लाई सम्भन्छु दिनको रात
मस्याङदी सलल......................
जाम खोलाी तरेर जाम खोली तरेर
कहिल्यै पनि नआउने गरेर
पानको पात माया तिम्लाई सम्भन्छु दिनको रात
मर्स्याङदी सलल......................
पटुकी कसौला पटुकी कसौला
दुःख सुख बाडेर बसौला
पानको पात माया तिम्लाई सम्भन्छु दिनको रात
मर्स्याङदी सलल................. (भगवती ढकाल, ३८)

### ३.१६ ठाडोभाका

तिम्रै पिरले बाचेछु रोगी भै
हिड्न पनि सकिन जोगी भै
खरको छानो भयो विरानो२
भुली सके हासेर बोल्न
आगो चाहिदौ रैनछ मन पोल्न
खरको छानो भयो विरानो२
देखिदैन हृदय जलेको
मै हुनाले हासेर बोलेको
खरको छानो भयो विरानो२
मै चरीको कहा छ र घर
वित्यो रात डालीमा बसेर
खरको छानो भयो विरानो
मै दुःखीको हलो र कोदालो
आसी राख्नी डोको र खुर्पेटो
खरको छानो भयो विरानो
यो मायाले दिदैछ धोका

अब मलाई कसैले नरोक

खरको छानो भयो विरानो

जानी बेला भैसक्यो साथिको

रातो टिका फूल लाइदेउ पातिको

खरको छानो भयो विरानो (मञ्जु पौडेल, ३५)

### ३.१७ बालगीत

तारा बाजी लै लै

माया आए घोडा

माइजू आइन् डोली

पापा ल्याइन् सोली

बुबु माम सुपुक्क

निदाइ जाऊ लुटुक्क

खान दिन्छिन् भोलि

बिरालो भन्छ म्याउँ-म्याउँ

अगुल्टो भन्छ उछि्याउँ ।

कुखुरी काँ

बासी भात खाँ

खोइ बासी भात

बिरालोले खायो

खोइ बिरालो

मुसो मार्न गयो

खोइ मुसो

दुलो भित्र पस्यो

खोइ दुलो

गाईले कुल्च्यो

खोइ गाई

खोलाले बगायो

खोइ खोला

सुक्यो ।     (करिना श्रेष्ठ, ८)

## ३.१८ निष्कर्ष

यस कोल्हुवाक्षेत्रमा नेपालको ग्रामीण भू-भागमा गाइने प्रायः सबैजसो लोकगीतहरु पाउन सकिन्छ । विभिन्न प्राकृतिक भू-बनोटले ढाकिएको हुनाले यस क्षेत्रमा ग्रामीण जीवनमा पाइने परम्परागत मूल्य मान्यता एवम् रीतिरिवाजको बाहुल्यता रहँदै आएको छ । जन्मको समयदेखि मृत्युपर्यन्तसम्म गाइने गीतहरु एकातिर देखिन्छन् भने अर्कोतिर खेतीपाती तथा मेलापर्वमा गाइने श्रमगीतहरु सबैलाई आ-आफ्नो कार्यप्रति अभिप्रेरित गरेको पाइन्छ । यस्तै हाम्रो धार्मिक मान्यताअनुरुप आउने पर्वहरुमा पर्वगीतहरु गुञ्जिने गरेको तर हिजोआज भने पहिलाको तुलनामा निकै कम मात्रामा गुञ्जिने गरेको स्थानीयको गुनासो पनि रहेको छ । वातावरणलाई रमाइलो बनाउन र मनमा आएका पीडाहरुलाई शान्त बनाउन पूजाआजाका अवसरमा लोक एवम् भजन कीर्तन आदि गीतहरु गाएर मनलाई स्वच्छ बनाउने गरेको देखिन्छ ।

यसरी विभिन्न समय, परिस्थिति र अवस्थाअनुरुप विभिन्न प्रकारका लोकगीतहरु गाएर आफ्नो जीवनमा आनन्दको अनुभूति गर्ने परिपाटीको बाहुल्यता रहेको हुनाले कोल्हुवा नेपाली लोकगीतको सन्दर्भमा एक महत्त्वपूर्ण क्षेत्र नै मान्न सकिने कुरामा दुईमत छैन ।

# चौथो परिच्छेद

# नवलपुर कोल्हुवाक्षेत्रमा लोकगीतको वर्गीकरण र विश्लेषण

## ४.१ लोकगीतको वर्गीकरण

कोल्हुवाक्षेत्र नेपाली लोक साहित्यको क्षेत्रमा एक उर्वर भूमि मानिन्छ । यहाँको वनजङ्गल, नदीनाला आदि प्राकृतिक अनुपम दृश्यहरुले भरिएको हुनाले पनि यहाँका ग्रामीण बस्तीहरु लोकगीतको उर्वर भूमि मानिन्छ । यस ग्रामीण पहाडी बस्तीमा मानिसहरु आजभोलि कृषि पेशामा मात्र नभई कुखुरा पालन, बङ्गुर पालन, बाख्रा पालन जस्ता ब्यवसायतर्फ प्रेरित हुने गरेको देखिन्छ । खेतीपाती गर्दा र विभिन्न खालका पर्वहरुमा लोकगीत सुसेलिएको पाइन्छ । यहाँ गाइने गीतलाई अध्ययन गर्न सजिलो होस् भनेर यहाँ चार भागमा वर्गीकरण गरी चर्चा गरिएको छ ।

(क) जीवनचक्रसँग सम्बन्धित लोकगीत (जाम भने जामतनी दुई चार महिना घुमेर आमतनी पानको पात माया तिमिलाई सम्झन्छु दिनको रात मर्याङ्दी सलल ......)

(ख) ऋतुचक्रसँग सम्बन्धित लोकगीत (चैत्र, बैशाख बसन्तमा फुल्छन् फूलै फूल जेठ असार ग्रीष्म ऋतु रून्छन् काका कुल ......)

(ग) धार्मिक लोकगीत (हाँगै हाँगामा प्रभू पातै पातमा हामीलाई पनि लै जाउ प्रभू तिम्रै साथमा)

(घ) बाह्रमासे लोकगीत (झम झम दर्कीयो पानि जोगायो छाताले छेकेर .......)

## ४.२ कोल्हुवाक्षेत्रका लोकगीतको विश्लेषण

लोकगीत लोकसाहित्यकै विशिष्ट पक्ष हो । साहित्यका अन्य विधामा जस्तै लोकगीतमा पनि शिल्प र भाव पक्षको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । कोल्हुवाक्षेत्रको लोकगीतको विश्लेषणको क्रममा लोकगीतको भाव पक्षमा अन्तर्निहित विविध विषयवस्तुलाई विश्लेषणको आधारको रुपमा लिन सकिन्छ । लोकगीतमा देशको आर्थिक, राजनैतिक, सामाजिक, धार्मिक, सांस्कृतिक पक्षहरु पनि अभिब्यक्त भएका हुने भएकाले मानव समाजमा एक अभिन्न अङ्गका रुपमा निहित रहन्छ ।

लोकजीवनमा ब्याप्त हुने कुनै पनि विषयलाई लोकगीतले समेट्न सक्छ । यहाँ प्रचलित लोकगीतको विषयवस्तुको स्रोत यसै ठाउँको समाज हो । मानिसले जीवनमा गर्ने हरेक क्रियाकलाप र यसैसँग सम्बन्धित अन्य पक्षलाई लोकगायकहरुले गीतका माध्यमले ब्यक्त गर्दछन् । गीतअनुसार विषयवस्तुको स्रोत पनि फरक फरक पाइन्छ । बालगीतमा बालकहरुलाई विभिन्न क्रियाकलाप सिकाउन र भरिपूर्ण मनोरञ्जन दिनका लागि गीत

बनाइएको हुन्छ । भैलो र देउसीजस्ता गीतमा सांस्कृतिक विषयवस्तुलाई प्रस्तुत गरिएको हुन्छ । झ्याउरे, साजैलो गीतमा मुख्य रुपमा प्रणय प्रेमको विषयवस्तु हुन्छ र यसैमा अन्य विषयवस्तुको रुपमा गरिबी, लाहुरे जीवन, अशिक्षा, नारीवर्गमाथि गरिने भेदभाव आदि भाव आउँदछन् । यसरी यस क्षेत्रका लोकगीतमा सामाजिक जीवनसँग जोडिने विविध पक्षलाई विषयवस्तुका रुपमा लिएर लोकगीतको सिर्जना गरिनेहुँदा लोकगीतको विश्लेषणका आधारहरुलाई सामाजिक अध्ययनका आधारमा यहाँ चर्चा गरिएको छ ।

### ४.२.१ सामाजिक जीवनको चित्रण

कुनै पनि लोकगीतको उत्पत्ति यही समाजबाट नै हुने गर्दछ अथवा लोकगीतहरु लोकका मानिसहरुबाट लोकका लागि लोकमा नै निर्माण हुन्छन् । मानिस एक सामाजिक प्राणी भएको हुनाले उसले धार्मिक-सांस्कृतिक मूल्य - मान्यताहरुलाई एकातिर पालन गर्नुपर्ने हुन्छ भने अर्कातिर सामाजिक, आर्थिक पक्षहरुसँग पनि समायोजन भएर अगाडि बढ्नुपर्ने हुन्छ । यसरी हेर्दा प्राकृतिक विविधता, सामाजिक परम्परा, आर्थिक जीवन, सांस्कृतिक मूल्य मान्यताजस्ता कुरा हाम्रो समाजसँग गाँसिएको हुनाले तिनै विषयवस्तुमा केन्द्रित रहेर व्यक्तिले लयको माध्यमबाट लोकगीतको सिर्जना गर्ने हुनाले यहाँ सामाजिक अध्ययनअन्तर्गत तिनै पक्षहरुलाई विभिन्न उपशीर्षकहरु दिएर तल विश्लेषण गरिएको छ ।

#### ४.२.१.१ सामाजिक एवम् पारिवारिक जीवनको चित्रण

वैयक्तिक, पारिवारिक तथा सामाजिक जीवनका घटना-दुर्घटना, आँसु-हाँसो, सुख-दुःख, आशा-निराशा, सम्पन्नता-विपन्नता जस्ता विविध विषयवस्तुलाई सुमधुर साङ्गीतिक नाँदमा लयबद्ध ढङ्गले लोकगीतमा अभिव्यक्ति प्रदान गरिएको हुन्छ । लोकजीवन नै स्रष्टा, प्रयोक्ता र संरक्षक भएकोले सामाजिक महत्वको संलग्नता विना यसको अस्तित्व नै छैन । हाम्रो समाजमा छोराको विवाहपश्चात् बुहारीको आगमनपछि आफ्नी आमालाई हेला गर्न नहुने कुरा गीतमा अभिव्यक्त भएको छ ।

ए बाबू ए बसुन्धरा
आमालाई नरोऊ है चौँधारा

छोरीले विवाह गरेर श्रमीन्को घर गएपछि घरपरिवार र समाजको मूल्य मान्यताअनुसार बुहारीले कर्तव्य निभाउनु पर्ने कुरा तलका हरफले प्रष्ट पार्दछन् ।

बिहान उठी नम्र भै भक्ति साथ
झुकी स्वामीको पाउमा राख माथ

सदा दण्डवत प्रेमले खुसी मानी

गर आफ्नो घरको काम सारा जानी

हाम्रो समाजमा यस्ता बुवाहरु पनि छन्, जसले आफ्नो छोरीलाई ख्वाउनुपर्छ भनेर तीजमा लिनजाने वा बोलाउने काम पनि नगर्न पछि पर्दैनन् भन्ने कुराको सङ्केत निम्न हरफले दिन्छन् :

कदम डाली छेल पारी हेर भैया बलराम २

पोखरीमा चिसो जल छ कि छैन २

भदौ र महिनाको अष्टमीको राती

कृष्ण वाला जन्मिएको होकी हाईन २

तीजमा माइती लिन आएका वा लिन नआएका, राम्रा लुगा फेर्न समेत नपाएका पारिवारिक आदर मानसम्मानका कुराहरु लोकगीत बाहिरका विषय होइनन् । समग्रमा हेर्दा सामाजिक जीवनका सुख-दुःखका विविध क्षणलाई लोकगीतले आफ्नै कथ्य बनाएको पाइन्छ ।

### ४.२.१.२ आर्थिक जीवनको चित्रण

मानिस समाजमा बस्छ । उसलाई आफ्नो जीवन चलाउनको लागि धन सम्पत्ति नभई नहुने हुन्छ । 'विना धन केही नभन' भन्ने नेपाली उखान नै छ । आर्थिक उपार्जनका लागि यहाँका मानिसहरु कुनै न कुनै पेसासँग सम्बद्ध छन् । समाजमा धनी र गरीब गरी दुई वर्ग हुन्छन् । मानवीय जीवनसँग अर्थले प्रत्यक्ष सरोकार राख्ने हुनाले अर्थको सेरोफेरोमा नै केन्द्रित रहेको कुरा तलको हरफलाई हेरौँ ।

उताबाट आयो दमाई बस्यो सियो समाई

कति राख्नी कति खानी अरिकाको कमाई

चाडपर्वमा मनोरञ्जनात्मक तवरबाट खेलिने देउसी भैलोमा आर्थिक स्थिति सम्पन्न हुने भाव व्यक्त गरिएको छ ।

ए, यो घरमा देउसी रे

ए, लक्ष्मीले बास गरून् देउसी रे

ए, दुःख कष्ट देउसी रे

ए, छानामाथि घिरौला देउसी रे

ए, कति दक्षिणा दिन्छन् हेरौँला देउसी रे

समाजमा आर्थिक पक्षले निकै ठूलो प्रभाव पार्दछ । गरिबीको कारणले आइपर्ने समस्याहरुसँग जुध्दै यहाँका मानिसहरुले आफ्नो जीवनमा भोग्नुपर्ने समस्याहरुको चित्रण लोकगीतहरुमा झल्केको पाइन्छ ।

### ४.२.१.३ सांस्कृतिक जीवनको चित्रण

सामाजिक परम्परा, रहन-सहन, रीतिरिवाज, विश्वास, जीवनमूल्य, सामाजिक मान्यता, धारणा आदिको समन्वित रुपलाई संस्कृति भनिन्छ । हाम्रो समाजमा नारीहरुले बुहारीलाई लोग्नेको घरमा गएपछि विभिन्न सामाजिक तथा सांस्कृतिक मूल्यलाई ख्याल राख्दै कर्तब्य निभाउनुपर्ने हुन्छ । एउटी चेली पराईघरमा गएपछि कसरी घर चलाउने पराईघरको मर्यादा कसरी पूरा गर्ने भन्ने संस्कारहरु यसरी अभिब्यक्त गरिएको छ ।

रत्यौली रमाइलो भयो
साइपाटा लिएर को गयो२
बाबुले ल्याएको झोला
मैले खोल्न होला कि नहोला
बाबुले ल्याएको झोला

हाम्रो गाउँघरमा पूजाआजामा भजन कृतन गरी भगवान्प्रति भक्तिभाव प्रकट गर्ने गरेको कुरा पनि तलको हरफबाट प्रष्ट हुन्छ ।

ए, पूजा भइसक्यो सत्यनारायणको
नारायणको मन्दिर त फूलैले छाए
नारायणको दर्शन गर्न नरलोकै आए

दसैंको घटस्थापनादेखि नवमीको रातिसम्म मालसिरी गाउने प्रचलन रहे पनि हालमा केही शिथिलता देखापरेको छ । नवदुर्गाको स्तुति गर्दै राक्षसी प्रवृत्तिको विनाश र देवीको कल्याण होस् भन्ने कामना गर्दछन् ।

जय देवी भैरवी दर्शन देउ भवानी
जय जय कालिका जय गोरखनाथ
दर्शन देऊ भवानी

तिहारमा भैली गाउँछन् जसमा दान दिनेको पक्षमा धेरै आशिक दिने गरेको पाइन्छ ।

जसले दिन्छ मानु
उसको सुनको छानु

जसले दिन्छ पाथी

उसको ठूलो छाती

यसरी हाम्रा सांस्कृतिक मूल्य मान्यताहरुले समाजमा आफ्नो अस्तित्व कायम गरेको हुनाले यहाँ तिनै सांस्कृतिक मूल्य मान्यताहरुलाई लोकलयमा गाउने परम्परा परापूर्व कालदेखि रहँदै आएको माथिका हरफबाट छर्लङ्ग हुन्छ ।

**४.२.१.४ प्राकृतिक जीवनको चित्रण**

लोकगीतको मूल आधार प्रकृति हो । प्राकृतिक पर्यावरणमा नै लोकगीतले पल्लवित र पुष्पित हुने अवसर पाउँछ । घाम, पानी, बादल, हुरी, बतास, जून, तारा, सन्ध्या, प्रभात, दिन, रात, वन, जङ्गल, पशु पंक्षीहरु, नदीनाल, फूल आदिलाई प्रतीकको रुपमा प्रयोग गरी त्यसैको माध्यमबाट जीवन सङ्घर्षका तीता-मीठा अनुभवहरुलाई सशक्त रुपमा ब्यक्त गर्ने माध्यम लोकगीत हुन गएको छ । तिनै प्रकृतिलाई आधार मानी ब्यक्त गरिएको केही अंश तल दिइएको छ ।

वनबाट लाहाचे काठ खोजी ल्याउँथ्यो

घर बसी भुसिटे आरनमात्र लाउँथ्यो

झमझम पानी पर्ने वर्षा ऋतुमा खेतमा पानी लगाउन जाँदा सिलोक भन्दै जाने गरेको पनि पाइन्छ । यसको केही अंश

रतनपुरको ठूलो बगरमा अचार पिधैं भैँ तलाई

भनेको मैले ढोग्दिनु तैँले हामी पुरेत बाजेलाई

जेठ मासको प्रचण्ड गर्मीमा पनि मेलापात गर्नु यस क्षेत्रका मानिसको दिनचर्या नै भइसकेको छ । त्यतिबेला मायापिरतिका भाव झल्काउने र प्रकृतिलाई आधार बनाएर गाएको गीतको अंश

काशी पुग्यो वरैको जरा

लाउँदै माया बिर्सदै नगर

यसरी प्रकृतिका विविध रुप एवम् पक्षलाई प्रतीत एवम् विषयवस्तुको आधारको रुपमा खडा गरेर यस क्षेत्रमा लोकगीतको सिर्जना गर्ने कार्य गरिने हुँदा यहाँका लोकगीतहरु वास्तवमै प्रकृतिको चित्रणसँग निकै सह-सम्बन्ध राखेको पाइन्छ ।

## ४.३ निष्कर्ष

कोल्हुवाक्षेत्रका लोकगीतमा यस क्षेत्रको सामाजिक, आर्थिक, सांस्कृतिक स्थितिका साथै प्रकृतिको चित्रण राम्ररी भएको पाइन्छ । अंशतः नैतिक तथा ब्यङ्ग्यचेतनाका गीतहरु पनि यस क्षेत्रमा प्रचलित रहेको पाइन्छ । भाषिक दृष्टिले हेर्दा विभिन्न जातजातिका भाषा तथा भाषिकाको प्रभाव लोकगीतमा परेको भेटिन्छ । भाषिकाको प्रभाव लोकगीतमा परेको भेटिन्छ । यी विभिन्न प्रकारका लोकगीतहरुले मानवजीवनमा महत्वपूर्ण प्रभाव पारिरहेको भए पनि लोकगीतहरु क्रमशः लोप हुँदै जानु चाहिँ दुःखद कुरा हो ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

यो अध्ययनपत्र नवलपुर कोल्हुवाक्षेत्रमा पाइने लोकगीतको विश्लेषणमा केन्द्रित हुनाले यसको पहिलो परिच्छेदमा शोधकार्यको विषय, समस्या, उद्देश्य, पूर्वकार्यको समीक्षा, औचित्य, सीमाङ्कन, शोधविधिको बारेमा चर्चा गर्दै अन्त्यमा अध्ययनपत्रको रुपरेखा प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा नवलपरासी जिल्लाको सङ्क्षिप्त परिचय दिइएको छ । यसमा भौगोलिक परिचय, राजनीतिक/प्रशासनिक विभाजन, नदीनाला तथा खानेपानी, प्रमुख स्थलहरु, शैक्षिक स्थिति, सामाजिक जनजीवन, साहित्यिक गतिविधि शीर्षक दिई आवश्यकताअनुसार उपशीर्षक पनि दिइएको छ ।

तेस्रो परिच्छेदमा कोल्हुवाक्षेत्रमा प्रचलित लोकगीतको सङ्कलन गरिएको छ ।

**महल/मागल**

सुनी छोरीको यो कष्टको विलाप
दुवैको पऱ्या चिन्तामा भारी ताप

**रत्यौली**

रत्यौली रमाइलो भयो
साइपाटा लिएर को गयो२

**जेठे गीत**

अग्राखे काठ फलामको काँटी, झ्याल ठोक्यो कर्मीले मायालु
जेठको याममा मिलाएर ठ्याम्म झ्याल ठोक्यो कर्मीले मायालु

**असारे गीत**

भदौ है मासका खरि लाउदा घाँम
एकलै गोड्छेउ नि जिरिया होई

**दाइँ गीत (मंसिरे गीत)**

ह ह ह हो हो हो दाइँ बरादो हो हो हो
माली गाईको छोरा पुतली गाईको नाति

**तीजगीत**

तिज आयो भनेर नगरौं है खलबल२

बसौं दिदि बहिनी हो गरौं छलफल

**मालसिरी गीत**

जय देवी भैरवी जय गोरखनाथ

दर्शन देऊ भवानी

**भैलोगीत**

हे हरियो गोबरले लिपेको

लक्ष्मीपूजा गरेको

**देउसी गीत**

ए, भनभन भाइ हो देउसी रे

ए, झिलीमिली झिलीमिली देउसी रे

**भजन**

हे कृण्ण आउन लिन

गोकुलमा जाने बाटो मैले चिनिन ।।

**कीर्तन**

हरे राम, हरे राम, राम राम हरे हरे ।

हरे कृष्ण, हरे कृष्णा, कृष्णा कृष्णा, हरे हरे ।।

**सिलोक**

ए भाइ रतुवा तँ मेरो भतुवा

चढेर बोल्छस् अति

**सवाई गीत**

(चराको सवाई गीत)

सुन सुन पाँच हो म केही भन्छु

**झ्याउरे गीत**

जाम भने जाम तनी जाम भने जाम तनी

दुइचार महिना घुमेर आम तनी

**ठाडोभाका**

तिम्रै पिरले बाचेछु रोगी भै

हिड्न पनि सकिन जोगी भै

**बालगीत**

तारा बाजी लै लै

माया आए घोडा

चौथो परिच्छेदमा कोल्हुवाक्षेत्रमा लोकगीतको वर्गीकरण र विश्लेषण गरिएको छ । वर्गीकरणका क्रममा यहाँका लोकगीतहरुलाई जन्मचक्रसँग, ऋतुचक्रसँग, बाह्रमासे र धार्मिक गरी चार भागमा विभाजन गर्दै त्यस अन्तर्गत पर्ने लोकगीतहरुको परिचय र उदाहरणहरु प्रस्तुत गरिएको छ ।

पाँचौं परिच्छेदमा कोल्हुवाक्षेत्रका लोकगीतको उपसंहार शीर्षकमा सारांश र अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

**५.२ निष्कर्ष**

यस कोल्हुवाक्षेत्रको लोकगीतको अध्ययन र विश्लेषण गर्दा यस क्षेत्रका लोकगीतले नेपाली लोकगीतकै प्रतिनिधित्व गर्न समर्थ रहेको पाइन्छ । यहाँका लोकगीतहरुले भौगोलिक दृष्टिले नेपाली लोकगीतकै श्रीवृद्धिमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । एउटै गीतलाई भिन्नभिन्न लयमा र भिन्नभिन्न गीतलाई एउटै लयमा गाइने विशेषताहरु सँगाल्दै परम्परागत गीतलाई जीवन्तता प्रदान गरी नयाँ गीतलाई जन्माउँदै तथा हुर्काउँदै आएको यस क्षेत्रले नेपाली लोकगीतलाई उर्वर बनाउन उल्लेखनीय भूमिका खेलेको यथार्थ पनि छर्लङ्ग हुन्छ । परापूर्वकालदेखि नै अनेकौं जातिको साझास्थल बनेको यस क्षेत्रले सजातीय र केही संस्कार तथा संस्कृतिको विकास गर्दै आएको छ । हरेक सांस्कृतिक झाँकी सङ्गीतमय हुने र हरेक लोकगीत नेपाली लोकसंस्कृतिमूलक देखापर्दछ । तीज, तिहार, दसैं, विवाह, ब्रतवन्ध आदिमा गाइने सम्पूर्ण गीतमा विशुद्ध नेपाली संस्कृति बोलेको पाइन्छ । समसामयिक लोकगीतमा ज्यादा विरह, वेदना तथा प्रेम प्रसङ्गकै स्वर बढी मुखारित भएको देखिन्छ । विवशता, पीडा, वेदना र गृहस्थी जीवनका तीता-मीठा अनुभूति गीतका रुपमा वन, पाखा, उकाली, ओराली, भञ्ज्याङ, चौतारी आदिमा तरङ्गित हुन्छन् । फलस्वरुप यस्ता गीतमा विप्रलम्भ शृङ्गार तथा करूण भावको मात्रा ज्यादा भेटिन्छ । विविधतामय गीत तथा लय एवम् वाद्य तथा नृत्यले सजाएका सन्दर्भले यहाँका नूतन गीतहरुले पुरातन सांस्कृतिक मूल्य मान्यतालाई प्रतिनिधित्व गरेका छन् । हाम्रो सामाजिक, आर्थिक र सांस्कृतिक सन्दर्भहरु

जीवन्त रुपमा यहाँका लोकगीतमा प्रतिबिम्बित भएका छन् । विविध रस र अलङ्कार एवम् लयले सजिएका यहाँका लोकगीतहरुमा हास्यव्यङ्ग्य र प्रेम विरहका चेतनाहरु पनि सशक्त रुपमा विकसित भइरहेको यथार्थ पनि छर्लङ्ग हुन्छ ।

## सन्दर्भ सामग्रीसूची

कोइराला, शम्भुप्रसाद (२०५५), *लोकसाहित्य सिद्धान्त र विश्लेषण,* विराटनगर : धरणीधर पुरस्कार प्रतिष्ठान ।

जिल्ला समन्वय समिति, नवलपरासी (२०७७) ।

थापा, धर्मराज र हंसपुरे सुवेदी (२०४१), *लोकसाहित्यको विवेचना,* काठमाडौँ : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, पृ. ३ ।

नेपालको राष्ट्रिय जनगणना (२०६८) (न.पा. तह), केन्द्रीय तथ्याङ्क विभाग ।

बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौँ : एकता बुक्स ।

*https://en.m.wikipedia.org.wiki*

## परिशिष्ट 'क'

## गायक/गायिकाहरुको परिचय

| क्र.सं. | नाम | उमेर | शैक्षिक योग्यता | ठेगाना |
|---|---|---|---|---|
| १. | उमामाया पन्त | ६३ | साक्षर | कोल्हुवा |
| २. | करिना श्रेष्ठ | ९ | साक्षर | कोल्हुवा |
| ३. | कृष्ण अम्गाइँ | ५८ | साक्षर | कोल्हुवा |
| ४. | गोविन्द रेग्मी | ६९ | साक्षर | कोल्हुवा |
| ५. | दशरथ अर्याल | ६५ | साक्षर | कोल्हुवा |
| ६. | दुर्गा अर्याल | ६७ | साक्षर | कोल्हुवा |
| ७. | देवी न्यौपाने | ४२ | साक्षर | कोल्हुवा |
| ८. | पार्वती काफ्ले | ४५ | साक्षर | कोल्हुवा |
| ९. | बाबुराम दाहाल | ६८ | साक्षर | कोल्हुवा |
| १०. | भगवती ढकाल | ३८ | साक्षर | कोल्हुवा |
| ११. | मञ्जु पौडेल | ३५ | साक्षर | कोल्हुवा |
| १२. | राममाया तिवारी | ४९ | साक्षर | कोल्हुवा |
| १३. | सावित्री अर्याल | ५५ | साक्षर | कोल्हुवा |

## परिशिष्ट 'ख'

## नवलपरासी जिल्लाको नक्सा

